# स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन
## २०८२ साल वैशाख ३० गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने
२. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सम्पन्न भएका देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि भएका जाँचपास तथा फरफारक समितिको बैठकका २०८१ चैत्र २९ र २०८२ बैशाख ११ गतेका निर्णयहरु अनुमोदन गर्ने

तपसिल

| क्र सं | आयोजनाको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिका बाट भुक्तानी हुने रकम रु | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | गंगा जमुना सडक सोलिङ शैलुङ १ | ६,६०,२८०।०० | ६,६३,४९६।०० | ५,७६,०००।०० | सडक सोलिङ २०६ मीटर अर्थात १६४ घमी भएको। |
| २ | जोगीडाँडा सेरा सडक शैलुङ ४ | ५,३४,६५२।३१ | ५,३४,६५२।३१ | ४,८०,०००।०० | सडक सोलिङ १३८ मीटर अर्थात ११० घमी गर्ने र २*१*१ को ग्याविन ९ थान खरिद गरी ढुङ्गा भर्ने कार्य भएको। |
| ३ | खरिडाँडा मन्दिर शैलुङ ४ | १,०७,१३१।६५ | १,०८,८४०।६८ | ९६,०००।०० | कालो पाइपको पोष्ट बनाई जस्तापाताको छाना लगाएर सिमेन्ट मसलाले ढलान गरी टहरा निर्माण भएको। |
| ४ | मागापौवा मावि घेराबार शैलुङ ४ | ४,२८,६५३।७० | ४,२८,८७४।८८ | ३,८२,८००।०० | ५० एम एमको ब्ल्याक पाईप जडान गरी फलामे एङ्गल फ्रेममा चेनलिङ्कको घराबार निर्माण भएको। |
| ५ | नागी सामुदायिक भवन कम्पाउण्ड निर्माण शैलुङ ३ | ४,३१,२१८।२६ | ४,३२,९६२।०७ | ३,८४,०००।०० | १५ को ग्याविन १५ थान र २ को ग्याविन १० थान खरिद गरी ढुङ्गा भर्ने तथा ५० एम एमको कालो फलामे पाईपको पोष्ट जडान गरी जी आइ चेनलिङ्कको कम्पाउण्ड निर्माण भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पानीघाट बुढासेरा थाली कृषि सडक शैलुङ ५ | ७,४९,७२०।०० | ७,५६,९५६।०० | ६,७०,०००।०० | सडक सोलिङ २८३ मीटर अर्थात १८७ घमी भएको । |
| ७ | ढुङ्गे च्यानघर निर्माण शैलुङ ३ | ३,२१,२५६।८६ | ३,२१,४९९।७० | २,८७,२००।०० | सिमेन्ट मसलाको जोडाईमा ब्लकको वाल लगाइ प्लाष्टर गर्ने साथै वालको दायाँ बायाँ छानामुनीको भागमा जीआई सीटले छोप्ने कार्य भएको । |
| ८ | दुर्गा मावि धाराखोला बाटो सिढी निर्माण शैलुङ ४ | ४,३१,०००।९१ | ४,३२,५६३।०० | ३,८४,०००।०० | सिढी ढलान ५९ मीटर र सोलिङ ढलान ७७ मीटर गरी बाटो निर्माण भएको । |
| ९ | झाक्रेखोला सिंचाई आयोजना शैलुङ ८ | २,१६,५३९।३५ | २,१८,७७४।०८ | १,९२,०००।०० | २० एम एम डायको ४०० मीटर ५० एम एम डायको ७९५ मीटर र ११० एम एम डायको १० मीटर पाइप खरिद गरी जडान गर्ने र विछ्याउने आर सी सी ढलान गरी इन्टेक निर्माण कार्य भएको । |
| १० | घट्टेखोला पारीपाखा पोखरीडाँडा सडक सोलिङ शैलुङ ४ | ५,३४,४४१।०७ | ४,३७,११६।८५ | ४,७९,४००।०० | मेशिन प्रयोग गरी पहिरो पन्छाउने र नाला बनाउने कार्य ३५३ घमी र सडक सोलिङ १७७ मीटर अर्थात १२३ घमी भएको |
| ११ | चुल्ठे वनभित्र सडक शैलुङ ६ | ३,२४,१३३।४९ | ३,२७,५२०।८९ | २,८७,०००।०० | सडक सोलिङ १३४ मीटर अर्थात ८० घमी भएको र नाला बनाउने कार्य ८० मीटर भएको । |
| १२ | भुगङ ढोका बिमिरे सेराढाप कृषि सडक शैलुङ ४ | ८,५५,९४७।०१ | ८,५६,८१८।०८ | ७,६७,४००।०० | विभिन्न प्रकारको माटो ४८६८ घमी नरम चट्टान ८४ घमी र कडा चट्टान १४ घमी काटी सडक ट्र्याक खोल्ने तथा पी एन ६ पाईप ३५५ एम एम ६ केजी प्रेसरको ६० मीटर खरीद गरी जडान गर्ने र विछ्याउने कार्य भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| **१३** | टुनिभोटे थामीगाउँ सडक शैलुङ ७ | ६,४४,६६९।५३ | ६,४४,१४२।४० | ५,७५,५२९।०० | सडक सोलिङ २७० मीटर अर्थात १५८ घमी भएको र नाला बनाउने कार्य ६० मीटर भएको। |
| **१४** | काडे मिक्रि सडक नयाँ ट्र्याक शैलुङ १ | ४,३२,५७०।१५ | ४,४७,५८४।३३ | ३,८४,०००।०० | विभिन्न प्रकारको माटो १९०४ घमी मध्यम चट्टान ४९४ घमी र कडा चट्टान ७४ घमी काटी सडक निर्माण भएको। |
| **१५** | सडक सरसफाई तथा मर्मत शैलुङ ३ | ४,२९,२५४।८५ | ४,३३,८५३।६६ | ३,८३,०००।०० | पहिरो पन्छाउने तथा सडक सतह मिलाउने कार्य ३९७१ घमी र सडक सोलिङ ४ घमी अर्थात ५ मीटर भएको। |

प्रस्ताव नं.३. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सञ्चालन भएका देहायका आयोजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भै तयार भएको अनुगमन समितिको देहाय बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने

**गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन**

२६ बैशाख, २०८२

यस शैलुङ गाउँपालिकाको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

**१)**मिति २०८१ साल चैत्र २८ गतेका दिन शैलुङ गाउँपालिकाको वडा नं १ मा कार्यान्वयन भै रहेका र कार्य सम्पन्न भएका विभिन्न योजनाहरुको अनुगमन गरियो। जस अन्तरगत ठेगालाघ्यु बुट्टे सडकको सोलिङ कार्य सम्पन्न भएको देखियो। कर्मेचावा खानेपानी ट्याङकी निर्माणको कार्य फिनिसिङ बाँकी भएको र पाइप पुर्ने लगायतका कार्यहरु बाँकी रहेको देखिएकोले सो कार्य सकी तस्वीर सहित मूल्यांकनको लागि पेश गर्न सुझाव दिइएको। गोमसिबा ठेगालाघ्यु सडक निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको उक्त कार्यमा साईड क्लियर गर्नुपर्ने नाला खन्ने कार्य समेत गरी पेश गर्न भनिएको। कल्लाबारी मावि मञ्च तथा चमेनागृह व्यवस्थापनको कार्य भएको तर साईड सरसफाई लगायतका कार्य सम्पन्न गरी पेश गर्न भनिएको। साथै कल्लाबारी मावि घेराबार अर्थात कम्पाउण्डको कार्य सम्पन्न भएको।

२) सोही दिनमा वडा नं २ को स्याङ स्याङ सामुदायिक भवन निर्माणको कार्य सम्पन्न भएको तर ट्रसमा स्ट्रड राख्ने कार्य सम्पन्न गरी पेश गर्ने सुझाव दिइएको । त्यस्तै स्याङ स्याङ शिव मन्दिर तथा चौतारा निर्माण कार्य भै रहेकोले सम्पन्न गरी पेश गर्न भनिएको । जम्बुसिं वडा कार्यालय सडक सोलिङ कार्य सम्पन्न भएको तर सोलिङ शुरु विन्दुमा जग खनिएकोले उक्त जग खनिएको ठाउँमा पनि सोलिङ गरी पेश गर्न सुझाव दिइएको । मानेदोभान फलामे पुलको कार्य सम्पन्न भएको । महादेव खोला काब्रेबेंसी पसलटोल सिंचाईको कार्य हुँदै गरेकोले लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत मानेदोभान पसलटोल गोरेटो बाटोको निर्माण कार्य भै रहेको । पोर्साव खानीगाउँ पसलटोल मालिघ्याङ खानेपानी आयोजनाको कार्य भैरहेकोले समयमा नै कार्य सम्पन्न गरी पेश गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको । नविन मावि भौतक व्यवस्थापनको कार्य प्रारम्भ भएको । घट्टेखोला फलामे पुल निर्माण कार्य भएको तर पुल तर्ने ठाउँमा सिंढी निर्माण गर्नुपर्ने अवस्था देखिएकोले सो समेतको कार्य सम्पन्न गरेर मात्र पेश गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको । सन्चेत सामुदायिक भवन शैलुङ २ को कार्य सम्पन्न भएको । कर्स्योङखोला लामाटोल सडक शैलुङ २ सोलिङ कार्य सम्पन्न भएको । जारकाटे पाटा वडा कार्यालय सडकको कार्य सम्पन्न भएको । केही एजिङमा सुधार गरी पेश गर्न भनिएको । ढाक्रेबास खानेपानी व्यवस्थापन शैलुङ २ को प्लाष्टिक ट्याङ्कीमा पाइप जडान गर्ने कार्य गलत ठाउँमा भएकोले उक्त कार्य सुधार गरी पेश गर्न भनिएको ।

३) २०८२ बैशाख ४ गते वडा नं ४ का विभिन्न आयोजनाहरुको अनुगमन गरियो । जस अनुसार दुर्गा मावि धाराखोला बाटो सिढी निर्माणको कार्य सम्पन्न भएको । दुर्गा मावि होस्टल घेरबारको मेशिनरी वाल लगाउने कार्य सम्पन्न भएको । आहाले पिपलडाँडा सडक ढलानको कार्य सम्पन्न भएकोले मूल्याङ्कन गराइ पेश गर्न निर्माण व्यवसायीलाइ सुझाव दिईएको । कृष्ण मन्दिर शौचालय तथा घेराबारको कार्य शुरु भएको देखिएकोले समयमा नै कार्य सम्पन्न गरी पेश गर्न समितिलाई सुझाव दिइएको । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सिक्री लप्से सडकको सोलिङ कार्य भएको तर ठाउँ ठाउँमा चुकुल मिलाउने तथा गाडीले बिगारेको ठाउँमा समेत सोलिङ मिलाई फोटो सहित पेश गर्न समितिलाई सुझाव दिइएको । कुवा विर्ता भकारे सडकको कार्य भएको तर सोलिङ धैरै नै बिग्रिएकोले व्यापक सुधार गरी कार्य अघि बढाउन निर्माण व्यवसायीलाइ सुझाव दिइएको । पिपलडाँडा आवि पहिरो नियन्त्रणको ग्याविन लगाउने कार्य भै रहेकोले समयमा नै कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको । पिपलडाँडा गाउँघर क्लिनिक पहिरो नियन्त्रणको कार्य सम्पन्न भएकोले मूल्याङ्क गराइ पेश गर्न समितिलाई भनिएको । जोगीडाडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको । घट्टेखोला पारिपाखा पोखरीडाँडा सडक सोलिङको कार्य सम्पन्न भएको । नमूना सडक सोलिङ तथा घट्टेखोला ह्युमपाइप शैलुङ ४ को कार्य सम्पन्न भएको तर घट्टेखोलामा पी सीसीको कार्य सम्पन्न गरी पेश गर्न भनिएको । भुगङढोका बिमिरे सेराढाप कृषि सडक शैलुङ ४ को कार्य सम्पन्न भएको । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत जिम्बुखोला बर्खन भुमेथान सडक सोलिङको कार्य सम्पन्न भएको ।

४) २०८२ बैशाख ०७ गते वडा नं ६ र ७ का आयोजनाहरुको अनुगमन गरी देहाय अनुसार देखिएको छ । जस अनुसार राष्ट्रिय आवि शैलुङ ६ को घेराबार लागयत भौतिक व्यवस्थापनको कार्य सम्पन्न भएको । चित्रे लहरे फड्के पुल शैलुङ ६ चित्रेमा रहेको फड्केको स्ल्याब कम भएको साथै खोलामा फड्केको लागि सपोर्ट वाल लगाउनु पर्ने रेलिङको फिनिसिङ गर्नुपर्ने देखियो । सोही बमोजिम गर्न सुझाव दिइएको छ । निगाले गुफाडाँडा सडक सोलिङ गरिएको ठाउँमा सोलिङ नमिलेकोले मिलाउनु पर्ने देखियो र सोही बमोजिम सुझाव दिइयो । किटिनी गोठपानी पानीघाट सिरेटार सडक शैलुङ ६ को सोलिङको उचाइ सबै ठाउँमा कम भएकोले पुन सोलिङको उचाइ पुग्नेगरी कार्य गर्न समितिलाई सुझाव दिइएको छ । दार्खा बाहुनगाउँ फुस्रेडाडा पैती जोड्ने सडक शैलुङ ७ को कार्य सम्पन्न भएकोमा लागत अनुमान बमोजिम समितिले ब्रेकर प्रयोग गरेको दावी गरेपनि ब्रेकर प्रयोग नभएको पाइएकोले

सोही बमोजिम मूल्याङ्कन गरी पेश गर्न भनिएको । मन्जेत खानेपानी पाइप खरिद तथा व्यवस्थापन शैलुङ ७ को कार्य सम्पन्न भएकोले कार्य भए बमोजिम मूल्याङ्कन गरी पेश गर्न भनिएको । वडा कार्यालय अधुरो सडक शैलुङ ७ को कार्य सम्पन्न भएको । गुरुङगाउँ विक टोल खानेपानी शैलुङ ६ को केही फिनिसिङको कार्य सुधार गरी प्राविधिक लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी पेश गर्न भनिएको । गुरुङगाउँ दार्खा स्कूल सडक शैलुङ ६ को ह्युमपाइ राखिएको ठाउँमा फिनिसिङ लागयतका सुधार गरी पेश गर्न भनिएको ।

५) २०८२ बैशाख ८ गते वडा नं ६ र ८ मा अनुगमन गरी देहाय बमोजिम अवस्था देखियो । वडा नं ६ चित्रे लहरे फड्के पुल शैलुङ ६ को लहरेमा रहेको फड्के पुलमा रेलिङको फिनिसिङ गर्नुपर्ने देखिएकोले सोही बमोजिम गर्न सुझाव दिइयो । शैलुङ्गेश्वर आवि भौतिक व्यवस्थापनका निर्माण व्यवसायीद्वारा गरिएको कम्पाउण्ड र विद्यालय द्वारा गरिएको भौतिक व्यवस्थापन दुवैको जिम्मेवारीमा रहेका कार्यहरु सम्पन्न भएको । पात्लेखोला दारेगौडा साना सिंचाई शैलुङ ८ को कार्य अन्तिम चरणमा पुगेकोले बाँकी कार्य सम्पन्न गरी पेश गर्न भनिएको । साझा सुविधा केन्द्र कोसेलीघर शैलुङ ८ को दोस्रो ढलानको कार्य सम्पन्न भएको । प्राविधिक लागत अनुमान बमोजिम वाल लगाउने बाँकी काम समेत सम्पन्न गरी पेश गर्न भनिएको । मनमोहन स्मृति प्रतिष्ठान भवन शैलुङ ८ को झ्यालढोकामा ग्रिल राख्ने तथा कार्पेटिङ बाहेकका कार्य सम्पन्न भएकोले बाँकी रहेको कार्य समेत सम्पन्न गरी मूल्याङ्कनको लागि पेश गर्न सुझाव दिइएको । निर्माण व्यवसायीबाट भएको थालेडाँडा भदौरे सडकको सोलिङ कार्य सम्पन्न भएको । चिलाउनेखर्क ढुङ्गेधारा निर्माण शैलुङ ८ को कार्य सम्पन्न भएकोले मूल्याङ्कन प्रक्रिया अघि बढाउन भनिएको ।

६) २०८२ बैशाख २५ गते लाङथापा पहिरो नियन्त्रण शैलुङ २ को स्थलगत अनुगमन गर्दा लागत अनुमान बमोजिम ग्याविन लगाउने कार्य गर्नुपर्नेमा उक्त कार्य सम्पन्न भएको देखियो । वडा नं ३ स्थित मनमोहन शिक्षा सदन प्राविको भौतिक व्यवस्थापन अन्तरगत बालबालिकाहरुले खेल्ने रमाउने सामाग्री व्यव्थापन गर्ने कार्य भएकोमा उक्त सामाग्रीहरु जडान गरिएको नदेखिएकोले पुन अनुगमन गर्ने गरी यकिन गरेर मात्र भुक्तानि प्रक्रिया अघि बढाउने गरी विद्यालयलाई सुझाव दिइएको छ ।

**निष्कर्षः**

गाउँपालिका स्तरीय अनुगमन समितिले यस अवधिमा अनुगमन गर◌ेका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ । सडक सोलिङको कार्य तुलनात्मक रुपमा केही आयोजना बाहेक राम्रो देखिएको तर साइड क्लियर गर्ने र नाला व्यवस्थापनको काममा अझेपनि अपेक्षित ध्यान पुग्न नसकेको देखिएकोले यस तर्फ ध्यान दिन प्राविधिक रुपमा समेत सुझाव दिइएको छ भने सोलिङ गर्दा स साना ढुङ्गाहरु साइडमा त्यत्तिकै छोड्ने गरेको देखिएकोले ती ससाना ढुङ्गा चुकुल ठोक्ने कार्यमा प्रयोग गर्न तर्फ ध्यान दिन सुझाव दिइएको छ । त्यस्तै सडकको नयाँ ट्र्याक खन्दा स्थानीय समुदायको सहमति नभएर वा अन्य कुनै कारणले सडको ग्रेड नमिल्ने समस्या व्यापक रुपमा देखिएकोले लाभग्राही स्थानीय समुदाय सँग जनप्रतिनिधिज्यूहरु र सरोकारवालाले नयाँ ट्र्याक खोल्दा अपसी सहमति गरेर मात्र काम अघि बढाउन उपयुक्त हुने देखिएको छ । समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देखिएको छ ।

प्रतिवेदक

सदस्य सचिव

४. शैलुङ गाउँपालिका अन्तर्गत संचालित शैलुङ अस्पतालमा लिफ्ट जडान गर्न तथा अस्पतालमा भएका उपकरणहरु संचालनमा ल्याउनको लागि नव निर्मित भवनमा Three Phase Line विस्तार गर्नु पर्ने भएको हुँदा Three Phase Line विस्तारको

लागी विद्दुत प्राधिकरण, दोलखा वितरण केन्द्रलाई अनुरोध गर्ने र सो कार्य गर्नको लागी गाउँपालिकाबाट लगाईएको ठेक्काको BOQ मा सो सम्बन्धी खर्चको विवरण उल्लेख नगरिएको हुँदा मिटर बक्स खरिद लगायत सोको लागि लाग्ने लागत खर्च उपशिर्षक नं. २२१११, पानी तथा विजुली शिर्षकमा विनियोजित रकमबाट खर्च गर्ने

५. शैलुङ गाउँपालिकाको महत्वपुर्ण पर्यटकीय स्थलको रुपमारहेको कालापनी शैलुङ मिनि ग्रेटवालको DPR अनुसारको बाँकि निर्माण कार्य गर्नको लागि कुल लागत रकमको प्रदेश सरकारको ८०% र गाउँपालिकाको २०% साझेदारी गरी निर्माण कार्य सम्पन्न गर्न बहुबर्षिय योजनामा समावेश गरी कार्यान्वयन गर्ने गरी प्रस्ताव पेश गर्ने

६. गाउँपालिकाबाट कार्यान्वयन हुने कृषि तथा पशुपन्छी तर्फको कार्यक्रम गर्न तपसिल बमोजिमका लाभग्राही छनौट गरी कार्यान्वयन गर्ने

तपसिल

**वडागत कृषि कार्यक्रमको छनोट सूची**

**वडा नम्बर ०१:**

टनेल निर्माणमा अनुदान कार्यक्रमको संचालनको छनौट  सूची

| क्र.स. | समुह/ कृषक /फर्मको नाम | वडा न. | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | नर माया घले | शैलुङ-०१ | | |
| २ | धन सि. तामाङ | शैलुङ-०१ | | |
| ३ | मेहन बहादुर श्रेष्ठ | शैलुङ-०१ | | |
| ४ | सुन्तली तामाङ | शैलुङ-०१ | | |
| ५ | हरि लाल तामाङ | शैलुङ-०१ | | |
| ६ | अशोक तामाङ | शैलुङ-०१ | | |
| ७ | सोम ब. तामाङ | शैलुङ-०१ | | |
| ८ | सिंग ब. तामाङ | शैलुङ-०१ | | |
| ९ | मोहोन लाल तामाङ | शैलुङ-०१ | | |
| १० | सोम ब. तामाङ | शैलुङ-०१ | | |
| ११ | राजन तामाङ | शैलुङ-०१ | | |
| १२ | जित ब. तामाङ | शैलुङ-०१ | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | टेक ब. तामाङ | शैलुङ-०१ | | |
| १४ | चिन ब. तामाङ | शैलुङ-०१ | | |
| १५ | गंगा जमुना कृषि तथा पशुपन्छी फर्म | शैलुङ-०१ | कुमारी तामाङ | |
| १६ | मेहेले कृषि तथा पशुपन्छी फर्म | शैलुङ-०१ | लक्ष्मी तामाङ | |

**वडा नम्बर २**

**टनेल निर्माण अनुदान कार्यक्रमको छनौट सूची**

| | | | | |
|---|---|---|---|---|
| १. | ग्रिनतारा साना किसान कृषि सहकारी संस्था लि. | तारा बहादुर तामाङ | शैलुङ - २ | कैफियत |
| २ | भुषाफेदा कृषि सहकारी संस्था लि. | इन्द्र तामाङ | शैलुङ - २ | |

**तरकारी बिउमा अनुदान कार्यक्रमको छनोट सूची :**

तपशिल:

| क्र.स. | कृषक/ समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ग्रिनतारा साना किसान कृषि सहकारी संस्था लि. | तारा बहादुर तामाङ | शैलुङ - २ | |
| २ | भुषाफेदा कृषि सहकारी संस्था लि. | इन्द्र तामाङ | शैलुङ - २ | |

**मागमा आधारित अनुदान कार्यक्रमको छनोट सूची**

तपशिल:

| क्र.स. | कृषक/ समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ग्रिनतारा साना किसान कृषि सहकारी संस्था लि. | तारा बहादुर तामाङ | शैलुङ - २ | |
| २. | पारिजात कृषि तथा पशुपालन फर्म | युबराज तामाङ | शैलुङ - २ | |
| ३. | खानीगाउँ पशुपति महिला कृषक समूह | जुना थापा मगर | शैलुङ - २ | |

**वडा नम्बर ३:**

**तरकारी बिउमा अनुदान कार्यक्रमको छनोट सूची**

| क्र.स. | कृषक/ समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | शैलुङ उप-कृषक समूह | कृष्ण श्रेष्ठ | शैलुङ – ३ | |

**वडा नम्बर ०४ :**

**तरकारी बिउमा अनुदान कार्यक्रमको  छनोट सूची**

| क्र.स. | कृषक/ समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | जलजले कृषि सहाकारी संस्था लि. | पुर्ण बहादुर श्रेष्ठ | शैलुङ – ०४ | |

**धानको बिउ वितरण कार्यक्रम छनोट सूची**

| क्र.स. | कृषक/ समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | सयपाटि साना किसान सहकारी संस्था लि. | धन बहादुर तामाङ | शैलुङ – ०४ | |
| २. | मुलाबारी कृषक समुह | डिल्लीनाथ ढुंगेल | शैलुङ – ०४ | |

**वडा नम्बर ०६:**

**तरकारी बिउमा अनुदान कार्यक्रमको छनोट सूची**

तपशिल :

| क्र.सं. | समूह/सहकारीको नाम | सम्पर्क व्यक्ती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री चायचाप कृषक समूह | झिल्के तामाङ | शैलुङ-०६ | |

टनेल निर्माणमा अनुदान कार्यक्रमको छनौट सूची

| क्र.स. | समुह/ कृषक /फर्मको नाम | वडा न. | टनेल संख्या | सम्पर्क व्यक्ति | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | देब बहादुर दर्जी | ६ | १ | | ९७६३२१५९३४ |
| २ | शुकुलाल तमाङ | ६ | २ | | ९७४८२८७८६० |
| ३ | शंख बहादुर तामाङ | ६ | २ | | ९८४७६८८४८३ |
| ४ | झलक बहादुर श्रेष्ठ | ६ | २ | | ९८४१४५१९६६ |
| ५ | डिल बहादुर श्रेष्ठ | ६ | २ | | ९८४१४५१९६६ |
| ६ | डोल बहादुर श्रेष्ठ | ६ | २ | | ९८४१४५१९६६ |
| ७ | दुर्गा बस्नेत | ६ | १ | | |
| ८ | कृष्ण बहादुर खड्का | ६ | १ | | ९८६०५०३४५६ |
| ९ | पूर्ण बहादुर तामाङ | ६ | १ | | ९८६३६४६४३१ |
| १० | श्री आन्च कृषि, पशुपन्छी तथा जडीबुटी फर्म | ६ | ५ | मुना तमाङ | ९८४४५००१४६ |
| ११ | सांङढोल्मा तामाङ | ६ | ३ | | ९८४१२२०१६० |
| १२ | नवराज खड्का | ६ | २ | | ९७६५८२७८५३ |
| १३ | नेत्र बहादुर खड्का | ६ | १ | | |
| १४ | नर बहादुर बस्नेत | ६ | १ | | |
| १५ | टिका बहादुर कार्की | ६ | १ | | ९८६४८१०९३५ |
| १६ | प्रमिला कुमारी शाही | ६ | १ | | ९८४८३०१५३० |
| १७ | लाल बहादुर कालिकोटे | ६ | १ | | ९८६००७०२११ |
| १८ | निल कुमारी खड्का | ६ | १ | | |
| १९ | चित्र बहादुर बस्नेत | ६ | १ | | ९८४९२१७४७५ |
| २० | सरस्वती खड्का | ६ | १ | | ९८४४१८६२३६ |
| २१ | जम्मा | | ३२ | | |

**वडा नम्बर ०७:**

**टनेल निर्माणमा अनुदान कार्यक्रमको** लाभग्राही छनौट

| क्र.स. | समुह/ कृषक /फर्मको नाम | सम्पर्क नम्बर | वडा न. | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री डाडागाउँ कृषक समूह | ९८४०२२८६६८ | शैलुङ-०७ | काजी बस्नेत | |
| २ | श्री चमेली घरायसी खाद्यान्न उत्पादन महिला कृषक समूह | ९८४४१९५८१२ | शैलुङ-०७ | जितमाया श्रेष्ठ | |
| ३ | सावित्री गुरुङ | ९८४११९६०९७ | शैलुङ-०७ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गणेश बहादुर गुरुङ | ९७०६४६९५८९ | शैलुङ-०७ | | |
| ५ | कमला गुरुङ | ९८६४११२२५९ | शैलुङ-०७ | | |
| ६ | बासुदेव खड्का | ९८४९६४२६५२ | शैलुङ-०७ | | |

**वडा न. ०८:**

आ.व.२०८१/०८२ कृषि विकास प्रवर्द्धन कार्यक्रम ०८ मौरी प्रवर्दन कार्यक्रमको संचालनको लागि प्राप्त आवेदनबाट वडा समितिको निर्णय तथा कृषि प्राविधिकको फिल्ड भेरिफिकेसनको आधारमा तपशिल लाभग्राही छनौट गरि कार्यपालिकामा पेश गर्ने

| क्र.स. | समुह/ कृषक /फर्मको नाम | वडा न.८ | घार संख्या | सम्पर्क व्यक्ति | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | तेज बहादुर बस्ने | शैलुङ-०८ | १ | तेज बहादुर बस्ने | ९८४४०६७७४८ |
| २ | निमसागर तमाङ | शैलुङ-०८ | १ | निमसागर तमाङ | ९८४७८९८९१३ |
| ३ | सविता वि.क. | शैलुङ-०८ | १ | सविता वि.क. | ९८४६६८५७५७ |
| ४ | सन्त माया तमाङ | शैलुङ-०८ | १ | सन्तमाया तमाङ | ९७४९४०८६११ |
| ५ | सुगम तमाङ | शैलुङ-०८ | १ | सुगम तमाङ | ९८४०८९२८९६ |
| ६ | भक्त बहादुर तमाङ | शैलुङ-०८ | १ | भक्त बहादुर तमाङ | ९८६७०७४०७४ |
| ७ | प्रेम विश्वकर्मा | शैलुङ-०८ | १ | प्रेम विश्वकर्मा | ९८६१३८९९८४ |
| ८ | मिन बहादुर कार्की | शैलुङ-०८ | २ | मिन बहादुर विश्वकर्मा | |
| ९ | ए-वान कृषि तथा पशुपालन फर्म | शैलुङ-०८ | १ | सावित्री कार्की | ९८५४०४५६१५ |
| १०. | चलन सि.तामाङ | शैलुङ-०८ | १ | | ९८४४०६७७६३ |
| ११. | जम्मा | | ११ | | |

पशुपन्छी विकास कार्यक्रम तर्फ

**एकीकृत पशुपन्छी विकास प्रवर्द्धन कार्यक्रम अन्तर्गत छनौट भएका कृषकहरुको विवरण**

शैलुङ गाउँपालिकाको पशुपन्छी विकास शाखा अन्तर्गत आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाको कार्यालय बाट प्रकाशन गरिएको सूचना अनुसार आवेदन पेश भएका निवेदन उपर गाउँ कार्यपालिकाको एकीकृत पशुपन्छी विकास प्रवर्द्धन कार्यक्रम अन्तर्गत  छनौट समितिको विभिन्न मितिमा बसेको बैठकले तपशिल बमोजिमको कृषक,कृषिफर्म,कृषक समूह तथा सहकारीहरु छनौट भएका साझेदार संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा सम्झौताको लागि उपस्थित हुनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गर्ने निर्यण गरियो ।

**१.एक वडा  एक कार्यक्रम अन्तर्गत बंगुर प्रवर्दन  कार्यक्रम**

| क्र स | छनौट भएको फार्म/सहकारी/ समूह/संस्था | सम्पर्क व्यक्तिको  नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | खानी गाउँ पशुपति महिला कृषक समूह | हस्त माया थापा मगर | शैलुङ -०२ | |

**२. एक वडा  एक कार्यक्रम अन्तर्गत  मासु  प्रवर्दन  कार्यक्रम**

| क्र स | छनौट भएको फार्म/समूह /सहकारी/संस्था | सम्पर्क व्यक्तिको  नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | शैलुङ भेडा फर्म | ज्ञान बहादुर श्रेष्ठ | शैलुङ -३ | |
| २ | ठुलोघर दाजुभाइ कृषि तथा पशुपन्छी फर्म | भेष बहादुर श्रेष्ठ | शैलुङ -३ | |
| ३ | गुरासेदेबी कृषि तथा पशुपन्छी फर्म | जित बहादुर खड्का | शैलुङ -३ | |

**३ . एक वडा  एक कार्यक्रम अन्तर्गत  दुध उत्पादन  कार्यक्रम**

| क्र स | छनौट भएको फार्म/समूह /सहकारी/संस्था | सम्पर्क व्यक्तिको  नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | कालिदेबी कृषि तथा पशुपन्छी फर्म | अर्जुन बहादुर बुढाथोकी | शैलुङ- ०७ | |
| २. | बुढाथोकी कृषि तथा पशुपन्छी फर्म | ओमकार बुढाथोकी | शैलुङ- ०७ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | चमेली घरायसी खाद्यान्न उत्पादन महिला कृषक समूह | जितमाया श्रेष्ठ | शैलुङ- ०७ | |
| ४. | अनुभब कृषि तथा पशुपन्छी फर्म | अनिता बस्नेत कार्की | शैलुङ- ०७ | |
| ५. | खम्रड कृषि तथा पशु कुखुरा फर्म | नारायण बहादुर बुढाथोकी | शैलुङ- ०७ | |

४ . एक वडा एक कार्यक्रम अन्तर्गत पाडी/बाछी वितरण कार्यक्रम

| **क्र स** | **छनौट भएका कृषकहरु** | **ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १. | कृष्ण बहादुर नेपाली | शैलुङ-०६ मैदाने | |
| २. | सुब्बा तामाङ | शैलुङ-०६ चाइचाप | |
| ३. | कुमारी तामाङ | शैलुङ-०६ चाइचाप | |
| ४. | सुनिता लामा | शैलुङ-०६ चाइचाप | |
| ५. | लक्ष्मी गुरुङ | शैलुङ-०६ लहरे | |
| ६ | कमल बहादुर खड्का | शैलुङ-०६ मैदाने | |
| ७. | राम बहादुर बस्नेत | शैलुङ-०६ बार्हमुरे | |
| ८. | निशान कृषि तथा पशुपन्छी फर्म | शैलुङ-०६ चित्रे | |
| ९. | कृत बहादुर खड्का | शैलुङ-०६ जौखोरिया | |

**५ . एक वडा एक कार्यक्रम अन्तर्गत बाख्रा प्रवर्दन कार्यक्रम**

| क्र स | छनौट भएको फार्म/समूह /सहकारी/संस्था | सम्पर्क व्यक्तिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | मखमली महिला कृषि तथा पशुपालन कृषक समूह | धन कुमारी तामाङ | शैलुङ -१ | |
| २ | सिर्जना कृषि तथा पशुपन्छी फर्म | प्रेम बहादुर तामाङ | शैलुङ -१ | |
| ३ | ९९ लोकल कुखुरा कृषि तथा पशुपन्छी फर्म | कृष्ण बहादुर तामाङ | शैलुङ -१ | |

**६. एक वडा  एक कार्यक्रम अन्तर्गत घास श्रोत केन्द्र स्थापना कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत वडा नम्बर ४ का कृषकहरुलाई बर्खे घासको बिउ तथा बिरुवा गाउँपालिका को कार्यालयले खरिद गरि सत् प्रतिशत अनुदानमा वितरण गर्ने

**७.एक वडा एक कार्यक्रम अन्तर्गत दुध उत्पादन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत वडा नम्बर ५ का व्यवसायिक गाई पालन गरिरहेका कृषक हरुलाई काउ म्याट गाउँपालिकाको कार्यालयले खरिद गरि सत् प्रतिशत अनुदानमा उपलब्ध गराउने

७. शैलुङ गाउँपालिका अन्तर्गत संचालित दुर्गा मा.वि.,शैलुङ-४ मा नयाँ विद्यार्थी भर्ना दर बड्दै गएको र टाँडा टाँडाबाट विद्यार्थी विद्यालय आउनु पर्ने बाध्यता भएको कारण बस आवश्यकता देखिएको हुँदा विद्यालयको लागि बागमति प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौंडा सँग माग गर्ने र बस उपलब्ध भएको खण्डमा सो बस संचालनको लागी आवश्यक पर्ने चालक, सहचालक लगायतका संचालन गर्न आवश्यक पर्ने विषयमा गाउँपालिकाले आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

८. आ.व. २०८२/०८३ मा यस गाउँपालिकाका निर्माणाधिन तपसिल बमोजिमका ठेक्काको सम्झौता अनुसारको निर्माण सम्पन्न अवधि सकिएको हुँदा देहायबमोजिम हुने गरी म्याद थप गर्ने

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेक्का नं. | निर्माण कम्पनीको नाम | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | पोर्सव मालिघ्याङ पसलटोल खानेपानी योजना | SRM/NCB/W/01-2081/082 | के यम बि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२ असार १० गते सम्म | |
| २ | कुवा हिले बिर्ता भकारे सडक | SRM/NCB/W/08-2081/082 | बैतेश्वर निर्माण सेवा | २०८२ असार १० गते सम्म | |
| ३ | टुडिखेल गोठपानी सडक | SRM/NCB/W/09-2081/082 | डिमुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२ असार १० गते सम्म | |
| ४ | शैलुङ आधारभुत स्वास्थ्य सेवा केन्द्र (प्रस्तावित शैलुङ अस्पताल) | SRM/NCB/W/11-2081/082 | शिवशक्ति कन्स्ट्रक्सन | २०८२ असार १० गते सम्म | |

९. दोलखा दोलखा जिल्ला अदालतमा यस गाउँपालिका र १ नं. वडा कार्यालय, दुधपोखरीको विरुद्धमा मुद्दा नं. ०८१-CP-०१९७, अनधिकृत रुपमा जग्गा खिचौला गरी खनेको सडक हटाई खिचौला मेटाई चलन चलाई पाउँ सम्बन्धी मुद्दाको गाउँपालिका र १ नं. वडा कार्यालयको तर्फबाट प्रतिउत्तर दिनको लागि अधिवक्ता दर्ता प्रमाण-पत्र नं. ११४९८, राजेन्द्र नारायण श्रेष्ठलाई तोक्ने

१०. शैलुङ गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने

११. सडक बालबालिकामुक्त वडा तथा स्थानीय तह घोषणाको लागी आवश्यक प्रक्रिया पुरा गरी सडक बालबालिकामुक्त वडा तथा गाउँपालिका घोषणा गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने

१२. बाहुक्षेत्रिय पोषण सचिवालय स्थापना गर्ने र सो सचिवालय प्रमुखको रुपमा स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्कीलाई तोक्ने

१३(क). गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

तपसिल

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागामति प्रदेश ०२-००१ ब ३१५८ | मोटरसाइकल | सन्तोष दाहाल | १९,१७६/- | |
| २ | बा २ ब ७१५८ | मोटरसाइकल | दिनेश चौधरी | १९,२४०/- | |

१३(ख). असोज महिनामा आएको अविरल बर्षाको कारण वडा नं ८ भर पहिरोको कारण यातायात सेवा बन्द भई पहिरो पन्छाउने कार्य गरिएकोमा उक्त सडकहरू मर्मत गर्न प्राविधिक लागत अनुमान र मूल्यांकनको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने

प्रस्ताव नं.१३(ग). बिभिन्न स्वास्थ्य चौकीहरुमा भएको आँखा शिविरमा फेला परेका मोतियाबिन्दु भएका विरामीहरुको शैलुङ अस्पतालमा हुने अपरेशनमा आउनको लागि आवश्यक सवारीसाधनको भाडा वापतको खर्च शिविर संचालन खर्चमा विनियोजित बजेटबाट खर्च गर्ने

प्रस्ताव नं.१३(घ). श्री दुधपोखरी आ.वि.,शैलुङ-१ को चलानी नं. २४, मिति २०८२/०१/३० गतेको पत्रानुसार गाउँपालिकाद्वारा विनियोजित दुधपोखरी आ.वि. भौतिक व्यवस्थापन, शैलुङ-१ को निर्माण सम्पन्न गर्ने कार्यअवधि जेष्ठ मसान्त सम्म थप गरी कार्यसम्पन्न गर्न निर्देशन दिने

१३(ङ). शैलुङ डाँडामा रहेको शैलुङ भ्यू-टावरमा टिकेट वापत लिईने शुल्क वापतको जम्मा हुने रकम ८ नं. वडा कार्यालय मार्फत शैलुङ गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्न ८ नं वडा कार्यालयलाई निर्देशन दिने

१३(च). शैलुङ डाँडा तथा कालापानी शैलुङ मिनिग्रेटवाल क्षेत्रमा वातावरण फोहोर गर्ने तथा गाउँपालिकाबाट निषेध गरिएको सामग्री तथा बस्तुहरु लानेलाई कारबाही स्वरुप रू ५,०००/- देखि २५,०००/- सम्म वातावरणमा पर्ने असरको प्रकृति हेरी जरिवाना लिने

१३(छ). ढुङ्गे फलाटे सडक मर्मत गर्नु भएको हुँदा विपद तथा आकस्मिक कोष शिर्षकमा विनियोजित रकमबाट प्राविधिक लागत अनुमान र मुल्यांकन बमोजिम भुक्तानि दिने गरी सडक मर्मत गर्ने

आज मिति २०८२/०१/३० गते बसेको कार्यपालिका बैठकको निर्णयमा सहमति जनाउने पदाधिकारीको नाम, पद र दस्तखत

| सि.नं. | पदाधिकारीको नाम, थर | **पद** | दस्तखत |
|---|---|---|---|
| १ | श्री रिमल बाबु श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री पार्वती कार्की | उपाध्यक्ष | |
| ३ | श्री बिर बहादुर घतानी | वडा अध्यक्ष १ नं. वडा,सदस्य | |
| ४ | श्री तिर्थ बहादुर श्रेष्ठ | वडा अध्यक्ष २ नं. वडा,सदस्य | |
| ५ | श्री बिर बहादुर तामाङ | वडा अध्यक्ष ३ नं. वडा,सदस्य | |
| ६ | श्री झम्क बहादुर कार्की | वडा अध्यक्ष ४ नं. वडा,सदस्य | |
| ७ | श्री दिल कुमार तामाङ | वडा अध्यक्ष ५ नं. वडा,सदस्य | |
| ८ | श्री दिपक बस्नेत | वडा अध्यक्ष ६ नं. वडा,सदस्य | |
| ९ | श्री सुजन खड्का | वडा अध्यक्ष ७ नं. वडा,सदस्य | |
| १० | श्री धन बहादुर तामाङ | वडा अध्यक्ष ८ नं. वडा,सदस्य | |
| ११ | श्री बन्दना पाख्रिन | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री सन्तोषी गुरुङ | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री चम्सुरी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री मछिन्द्र नेपाली खत्री | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री युवराज घतानी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री विशाल वि.क. खाती | गाउँ कार्यपालिका सदस्य | |